




# भारतीय महिला एथलेटिक्समाथि आठ वर्षको प्रतिबन्ध



नयाँ दिल्ली, १३ सेप्टेम्बर

भारतीय एथलेटिक्स खेलाडी प्रियंका पवारमाथि आठ वर्षको प्रतिबन्ध लगाइएको छ। सन् २०१४ को एसियाली खेलकुदको महिला रिले दौडमा स्वर्ण पदक जितेकी प्रियंकालाई प्रतिबन्धित शक्तिवर्द्धक औषधि सेवन (डोपिङ) परीक्षणमा असफल भएपछि आठ वर्षको प्रतिबन्ध लगाइएको हो।

उनलाई हैदराबादमा भएको इन्टर स्टेट एथलेटिक्स च्याम्पियनशीपमा प्रतिबन्धित शक्तिवर्द्धक औषधि सेवन गरेको पाइएपछि प्रतिबन्ध लगाइएको हो। सन् २०१६ जुन २८ देखि जुलाई २ तारिखसम्म भएको उक्त प्रतियोगिताका क्रममा प्रियंकाले प्रतिबन्धित शक्तिवर्द्धक औषधि सेवन गरेको पाइएपछि उनीमाथि अस्थायी प्रतिबन्ध लगाइएको थियो।

२९ वर्षीया प्रियंका रियो ओलम्पिकमा चार गुणा चार सय मिटर दौडमा छनौट पनि भएकी थिइन्। तर, डोपिङमा मुछिएपछि उनलाई टोलीबाट हटाइएको थियो। प्रियंकालाई भारतको राष्ट्रिय डोपिङ प्रतिरोधी एजेन्सी (नाडा) ले मंगलवार आठ वर्षका लागि प्रतिबन्ध लगाएको हो।

नाडाको नियमअनुसार डोपिङमा दुई पटकसम्म संलग्न रहेको पाइएपछि आठ वर्षदेखि आजीवन प्रतिबन्धसम्म लगाउन सक्ने प्रावधान छ। प्रियंका सन् २०११ मा पनि डोपिङ परीक्षणमा असफल भएकी थिइन। दुई वर्षको प्रतिबन्धपछि उनी सन् २०१३ मा पुनः खेलमा फर्किएकी थिइन्। खेलमा फर्किएपछि उनी विभिन्न राष्ट्रिय प्रतियोगिता र इन्चोन एसियाडमा पनि सहभागी भएकी थिइन्।

# स्टेनहसले रचिन् पहिलो महिला रेफ्रीको इतिहास



बर्लिन, १३ सेप्टेम्बर

जर्मनीकी बाबियाना स्टेनहसले युरोपको शीर्ष लिगमा पहिलो महिला रेफ्री बन्ने इतिहास रचेकी छन्। स्टेनहसले हार्था बर्लिन र वेर्डर ब्रेम्यानबीचको खेल खेलाउँदै यो इतिहास रचेकी हुन्। उक्त खेल १-१ को बराबरीमा सकिएको थियो।

बुन्डेसलिगासहित इङ्गलिस प्रिमियर लिग, स्पेनिस ला लिगा, इटालियन सिरी 'ए' र फ्रान्सको लिग वानजस्ता युरोपका शीर्ष लिगमा हालसम्म कुनै पनि महिला रेफ्री थिएनन्।

३८ वर्षीय स्टेनहसले सन् २००७ देखि जर्मन दोस्रो डिभिजनका ८० खेल खेलाएकी थिइन्। शीर्ष श्रेणीमा उनको यो डेब्यु खेल थियो।

'म धेरै हर्षित छु,' स्टेनहसले भनिन्। उनको सम्मानका लागि हार्थाले महिला समर्थकलाई स्टेडियमको प्रवेशमा ५० प्रतिशत छुट दिएको थियो।

३८औं मिनेटमा म्याथ्यु लेइकीले गरेको गोलमा हार्थाले अग्रता लिएको थियो। उनले भ्लाझिरी डारिडाको पासलाई पोस्टको दिशा दिएका थिए। यसै सिजन इन्गोलस्टाडबाट हार्थामा आबद्ध भएका लेइकीको यो जारी सिजन तेस्रो गोल हो।

५९औं मिनेटमा थोमस ड्यानिलेले गोल गर्दै ब्रेम्यानलाई खेलमा फर्काएका थिए। हार्थाका निकाल्स स्टार्कले गरेको रक्षापंक्तिको गल्तीको फाइदा उठाउँदै उनले बललाई जाली चुमाएका थिए।

यस नतिजापछि ४ अंक जोडेको हार्था १०औं स्थानमा छ। यता यस बराबरीपछि अंक खाता खोलेको ब्रेम्यान १६औं स्थानमा छ।

'मैले विगतदेखि नै भन्दै आएको छु कि खेलमा पुरुष वा महिला जो रेफ्री भए पनि त्यसले केही फरक पर्दैन। खेलमा उनीहरूको प्रदर्शन कस्तो हुन्छ त्यसले मात्र महत्व राख्छ,' ब्रेम्यानका प्रशिक्षक एलेक्जेन्डर नोउरीले भने।

# मेस्सी र म एकै क्लबबाट खेल्न अहिले सम्भव छैनः डिवाला



लण्डन, १३ सेप्टेम्बर

युभेन्टस स्ट्राइकर पाउलो डिभालाले च्याम्पियन्स लिगमा मंगलवार भएको बार्सिलोनाबिरुद्धको खेलअघि आफ्ना अर्जेन्टाइन टिममेट तथा सुपरस्टार लियोनल मेस्सीको प्रशंसा गरेका छन्। र उनले यो पनि भनेका छन् कि दुवैको एकै पोजिसन भएका कारण आफूहरु एकै टीमबाट खेल्न लगभग असम्भव छ।

यी अर्जेन्टाइन स्ट्राइकरलाई थाहा छ कि यो निकै कठिन खेल हुनेछ। तर उनलाई लागेको छ कि क्याम्प नाउमा उनीहरुका लागि एउटा अवसर हुनेछ।

'हामीलाई थाहा छ कि उनीहरुले हामीलाई अवसर दिनेछन् र त्यसको फाइदा उठाउनुछ। मलाई लाग्छ बार्सिलोनाले नेइमारजस्ता एक निकै नै महत्वपूर्ण खेलाडी गुमाएको छ। तर, उनीहरुले उस्तै महान क्षमताका अर्का खेलाडीलाई आबद्ध गरेको छ। बार्सिलोना सधैं बार्सिलोना नै हो।' उनले भने।

'मेरो विचारमा उनीहरु रक्षापंक्तिमा उत्कृष्ट देखिन्छन्, उनीहरुले घरेलु मैदानमा यस सिजन अहिलेसम्म गोल खाएका छैनन्। हामीले उनीहरुलाई खुल्ला छोडेर आफू रक्षामा लाग्नुहुन्न, किनभने यो हाम्रा लागि घातक हुनसक्छ। भोलिको खेल हाम्रा लागि निकै महत्वपूर्ण छ, यदि यो खेल हाम्रो पक्षमा आएको खण्डमा यो खेल पछिल्लो वर्षको भन्दा केहि फरक हुनेछैन।'

डिवालाले भनेका छन् कि उनले मेस्सीबाट धेरै सिकोका छन्।

उनले भने, 'मैले उनीसँग राष्ट्रिय टोलीबाट खेलेको छु र त्यतिबेला निकै खुसी हुन्छु। टिममेटको रुपमा मैले उनीबाट धेरै कुराहरु सिकेको छु।' तर डिवालाले आफूले युभेन्टस छोड्न लागेको भन्ने समाचारको खण्डन गरे।

'भविष्यबारे मलाई थाहा छैन। तर, म युभेन्टसमा निकै खुसी छु र म १० नम्बरको हु।'

'मलाई थाहा छैन कि भविष्यमा के हुनेछ। मलाई थाहा छैन कि कसैले मेराबारे चासो दिइरहेको छ। मलाई अहिलेसम्म कसैले केही भनेको पनि छैन। उनीहरुले मलाई भनेका छन् कि म यही रहूँ। युभेन्टस र अध्यक्षले जा नभनेसम्म म युभेन्टसमै रहनेछु।'

# कोहली र धोनीले पाकिस्तानमा क्रिकेट खेलेको हेर्न चाहन्छन् पाक प्रशंसक



नयाँ दिल्ली, १३ सेप्टेम्बर

पाकिस्तानमा आठ वर्षपछि फेरि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता सुरु भएको छ। सन् २००९ मा श्रीलंकाली टोलीमाथि क्रिकेट मैदानमै आतंकवादी आक्रमण भएपछि पाकिस्तानमा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना हुन सकेको थिएन।

आक्रमणपछि सुरक्षाको कारण देखाउँदै विभिन्न राष्ट्रले पाकिस्तानको भ्रमण रद्द गरेपछि विगत आठ वर्षदेखि अन्तर्राष्ट्रिय प्रतियोगिता हुन नसकेको हो। सन् २०१५ मा जिम्बावेले एकदिवसीय श्रृंखला खेले पनि त्यसलाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले मान्यता दिएन।

त्यतिबेला सुरक्षाको कारण देखाउँदै आईसीसीले खेलका लागि अम्पायर र रेफ्रीलाई पाकिस्तान पठाउन अस्वीकार गरेको थियो। उक्त घटनापछि निरास बनेको पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) ले पाकिस्तानमा क्रिकेट फर्काउन भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) सँग सहयोग मागेको थियो। तर, बीसीसीआईले पनि त्यसमा चासो दिएन।

आठ वर्षपछि विश्व-११ टोली टी-ट्वेण्टी श्रृंखला खेल्न पाकिस्तानमा छ। यो अभियानमा आईसीसीले पनि सहयोग गरेको छ। श्रृंखलाका क्रममा खेलाडीको सुरक्षालाई ध्यानमा राखी उच्च सतर्कता अपनाइएको छ।

यो श्रृंखलापछि पाकिस्तानमा अन्तर्राष्ट्रिय क्रिकेटले पुनः तीव्रता पाउने विश्वास आईसीसीको छ। विश्व-११ सँग पाकिस्तानी टोलीले तीनवटा टी-ट्वेण्टी श्रृंखला खेल्नेछ।

विश्व-११ टोलीको नेतृत्व दक्षिण अफ्रिकी कप्तान फाफ डु प्लेसिसले गर्नेछन्। पाकिस्तानमा अन्तर्राष्ट्रिय प्रतियोगिता हुन लागेकोमा यहाँका क्रिकेट प्रशंसक निकै खुसी देखिएका छन्। उनीहरू भारतीय क्रिकेटर विराट कोहली र महेन्द्रसिंह धोनीजस्ता खेलाडीले पनि छिट्टै पाकिस्तानमा खेल्ने सपना देख्न थालेका छन्। आफ्नो भूमिमा अन्तर्राष्ट्रिय प्रतियोगिता हुन लागेपछि हौसिएका पाकिस्तानी प्रशंसकले कोहली र धोनीलाई पाकिस्तान आउन निम्तो पनि दिएका छन्।

कोहलीका एक प्रशंसकले 'विराट हामी लाहोरमा तपाईंलाई मिस गरिरहेका छौं के तपाईं यहाँ आउन सक्नुहुन्न?', भन्दै सामाजिक सञ्जालमा ट्वीट गरेका छन्। उनले विराटको 'जादु' पाकिस्तानमा हेर्न चाहेको बताएका छन्। पाकिस्तानी क्रिकेट टोलीका पूर्वकप्तान साहिद अफ्रिदीले पनि पाकिस्तानमा अन्तर्राष्ट्रिय प्रतियोगिता हुन लागेकोमा खुसी व्यक्त गरेका छन्।

# सेल्टिकको पोष्टमा पीएसजीको ५ गोल

पेरिस, १३ सेप्टेम्बर

पेरिस सेन्ट जर्मेनले च्याम्पियन्स लिग फुटबलमा सेल्टिकमाथि उत्कृष्ट जीत दर्ता गरेको छ। मंगलवार राति भएको खेलमा नेइमारको नेतृत्वको पीएसजीले सेल्टिकमाथि ५-० गोल अन्तरको जीत निकालेको हो।

सेल्टिकको घरेलु मैदानमा भएको खेलमा पीएसजीले १९ औं मिनेटमा नेइमारको गोलबाट अग्रता लिएको थियो। ३४ औं मिनेटमा एमबापे र ४० औं मिनेटमा काभानीले गोल गरेपछि पीएसजीले पहिलो हाफमा ३-० को अग्रता लियो।

दोस्रो हाफमा पनि पीएसजी नै हावी भयो। ८३ औं मिनेटमा सेल्टिकका लुस्टिङले आत्मघाती गोल गरे भने दुई मिनेटपछि नै पाएको पेनाल्टीमा काभानीले गोल गरे र पेरिस सेन्ट जर्मेन ५-० को फराकिलो जीत दर्ता गर्न सफल भयो।

सल्टिकले भने च्याम्पियन्स लिगमा घरेलु मैदानमा हात पारेको सबैभन्दा ठूलो हार हो।

## किन रिसाए नेइमार?



सेल्टिक, १३ सेप्टेम्बर

यसै सिजन बार्सिलोनाबाट फ्रेन्च क्लबमा आवद्ध विश्व फुटबलका सबैभन्दा महँगा खेलाडी नेइमार स्कटल्याण्डको क्लब सेल्टिकका खेलाडीसँ रिसाएका छन्।

च्याम्पियन्स लिग फुटबल अन्तर्गत मंगलवार राति पिएसवीले ५-० ले हराएको खेल दौरान सेन्टिकका डिफेन्डर एन्थनी रालस्टनले नेइमारलाई फल गरेका थिए।

त्यसपछि रालस्टनले नेइमारलाई होच्याउने पारामा उनको मुखमा हेरेर हाँसेका थिए। विपक्षी टीमको यस्तो प्रतिक्रियाबाट रिसाएका नेइमारले खेल सकिएपछि पनि उनीसँग हात मिलाएनन्। खेलमा आफ्नो टोली ३-० ले अगाडि रहेकै बेलामा रालस्टनले नेइमारलाई जिस्काएका थिए। सोही समयमा स्कोर बोर्डमा हेर्दै नेइमारले आफूहरू अहिले पनि ३-० ले अघि रहेको भन्दै हातले इसारा गरेका थिए।

खेल समग्रमा ५-० ले जितेपछि नेइमारले उनीसँग हात नमिलाइ मैदानबाट बाहिरिएका थिए।

# युभेन्टसमाथि बार्सिलोनाको सहज जीत, मेस्सीले गरे दुई गोल

नाउ क्याम्प, १३ सेप्टेम्बर

लिओनल मेस्सीको दुई गोलको सहयोगमा बार्सिलोनाले च्याम्पियन्स लिगमा युभेन्टसमाथि सहज जीत दर्ता गरेको छ। मंगलवार राति भएको समूह चरणको आफ्नो पहिलो खेलमा बार्सिलोनाले युभेन्टसलाई ३-० ले हराएको हो।

नाउ क्याम्पमा भएको खेलमा बार्सिलोनाले ४५ औं मिनेटमा मेस्सीको गोलबाट अग्रता लियो। उनले लुइस स्वरेजसँग वान टु वान पास खेल्दै गोल गरे।

दोस्रो हाफमा पनि युभेन्टस खेलमा फर्कन सकेन। ५६ औं मिनेटमा राकिटिकले गोल गरे भने ६९ औं मिनेटमा मेस्सीले व्यक्तिगत दोस्रो गोल गरे। मेस्सीको यो गोल लोभलाग्दो थियो। राइट विङबाट बल अघि बढाएका अर्जेन्टिनी स्ट्राइकरले युभेन्टसका डिफेण्डरहरुलाई छल्दै गोल गरेका थिए।